**धनगढी उप महानगरपालिका**

# स्थानीय राजपत्र

| खण्डः १ | संख्याः ७ | मितिः २०७४/१२/२५ |
|---|---|---|

## भाग-२

**धनगढी उप महानगरपालिका**

# आर्थिक सहायता कार्यविधि, २०७४

**प्रस्तावनाः** धनगढी उप-महानगरपालिकाबाट प्रदान गरिने आर्थिक सहायतालाई छिटो, छरितो, मितव्ययी, पारदर्शी एवं प्रभावकारी रुपमा प्रवाह गर्न र सहायत प्राप्त गर्नेहरुलाई अनुशासित, जबाफदेही, उत्तरदायी बनाई परिणाम हासिल गर्न, धनगढी उप-महानगरपालिकाको कोषको सही सदुपयोग गर्न र गराउन, सामाजिक सुरक्षा र संरक्षण प्राप्त गर्ने नागरिकहरुको मौलिक हकको प्रत्याभूत गर्न स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी धनगढी नगर कार्यपालिकाले यो कार्यविधि बनाइ जारी गरेको छ ।

### १.आर्थिक सहायता प्रदान गर्न सकिने

तपशिलको अवस्थाका व्यक्ति वा निजका अभिभावक वा संरक्षकलाइ यसै कार्यविधि बमोजिम तोकिएको प्रक्रिया पूरा गरी तोकिएको समितिको सिफारिसमा नगर प्रमुखले रु. पन्ध्र सय सम्म नगदै वा सो बराबर सम्मको जिन्सी सहायता गर्न सक्नेछ ।

क) विरामी,

धनगढी उप-महानगरपालिका राजपत्र

ख) अशक्त-अपाङ्ग,

ग) परिवारबाट विस्थापित सहाराविहीन वृद्ध, वृद्धा,
घ) अति विपन्न व्यक्तिहरु
ङ) प्राकृतिक विपत्ति तथा विपद्मा परेका घरबार विहिन व्यक्तिहरु

## २. आर्थिक सहायता प्रदान गर्ने तरिका:

२.१ धनगढी उप-महानगरपालिकाले आर्थिक सहयोग उपलव्ध गराउँदा निम्न प्रक्रिया अवलम्वन गर्नेछ ।

**क**) सम्वन्धित व्यक्ति वा नीजको अभिभावक वा नीजको संरक्षकको निवेदन ।
**ख**) अपाङ्गको हकमा सम्वन्धित निकायबाट जारी अपाङ्ग परिचय पत्र र धनगढी उपमहानगर कार्यपालिकाको सामाजिक समितिको सिफारिस ।
**ग**) प्राकृतिक विपत्ति तथा विपद्मा परेकाको हकमा प्रहरी सर्जमिन मुचुल्का र धनगढी उपमहानगर कार्यपालिकाको वाताबरण तथा विपद व्यवस्थापन समितिको सिफारिस ।
**घ**) अशक्त, सहाराविहीन वृद्ध, वृद्धा, अति विपन्न व्यक्तिहरुको हकमा धनगढी उपमहानगर कार्यपालिकाको सामाजिक समितिको सिफारिस ।
**ङ**) विरामीको हकमा निवेदन साथ सम्वन्धित अस्पताल, नर्सिङ होम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने डाक्टरले जाँच गरेको प्रमाणको प्रतिलिपी । यस्तो कागजात निवेदन दिने मिति भन्दा १ एक महिना पूरानो भएमा मान्य हुने छैन । साथै सम्वन्धित डाक्टरले उपचारको लागि लेखी दिएको औषधीहरुका विवरण र सो खरिदको लागि अनुमानित लाग्ने खर्चको विवरण सहित धनगढी उपमहानगरपालिकाको सामाजिक समितिको सिफारिस । तर, माथि जुनसुकै कुरा लेखिएको भएतापनि कडा रोग लागि अपरेशन गर्नुपर्ने, कुनै अङ्ग फेर्नुपर्ने वा उपचारका लागि धेरै खर्च लाग्ने भएमा सो को मेडिकल वोर्डको सिफारिस समेत पेश गर्नु पर्नेछ । मेडिकल वोर्डको सिफारिस सहीत सहयोग माग भएको हकमा धनगढी उपमहानगर कार्यपालिकाको सामाजिक समितिको सिफारिस बमोजिम धनगढी उपमहानगरपालिकाको कार्यपालिका वैठकमा पेश गरी निर्णय भए वमोजिम बढीमा रु ५,०००।- सम्म सहयोग उपलव्ध गराउन सकिनेछ ।

२.२ उपरोक्त बमोजिम सहयोगका लागि आउने निवेदन दर्ता गर्दा उपमहानगरपालिकाले निवेदकको अवस्थाको गाम्भिर्यता प्रति विश्वस्त हुन आवश्यकता अनुसार सम्वन्धित वडा कार्यालयको सिफारिस समेत माग गर्न सक्नेछ ।

## ३. स्विकृत आर्थिक सहयोगको भुक्तानी

दफा १ र २ बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय भएमा प्रमुख प्रशासकीय अधिकृतले नगर सभाबाट विनियोजित मिल्दो शीर्षकको बजेटबाट निवेदकलाइ निर्णयानुसारको आर्थिक सहयोग उपलब्ध गराउने व्यवस्था गर्नेछ ।

## ४. एक व्यक्तिलाइ एक पटक मात्र सहयोग उपलब्ध गराउन सकिने

माथि जुनसुकै कुरा लेखिएको भएतापनि दफा २ को उपदफा 'ग' बमोजिमको सहयोग बाहेकको हकमा एक व्यक्तिलाइ एक आर्थिक वर्षमा एकपटक भन्दा बढी एकै शीर्षकमा आर्थिक सहयोग उपलब्ध गराइने छैन ।

## ५. बिबिध

**५.१ बाझिएमा:** यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रकियाहरु स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित कानुन संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुने छ।

**५.२ कारबाही:** यस कार्यविधि विपरित आर्थिक सहयोग वितरण गरिएमा, त्यस्तो निर्णय वा आदेश दिने, आदेश दिन वा निर्णय गर्न सिफारीस तथा सहयोग गर्ने कर्मचारी तथा पदाधिकारी बाट असुल उपर गरिने छ।

**५.३ यसै कार्यविधि बमोजिम भए गरेको मानिने:** यस अघि यस उपमहानगरपालिकाबाट भएका वा दिइएका आर्थीक सहयोग वा सहायता यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

आज्ञाले
भरतमणी पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

धनगढी उप-महानगरपालिका राजपत्र